# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ९ मितिः २०८२/०४/२७

---

भाग — २

## देवघाट गाउँपालिकाको सट्टा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको सट्टा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०४/२७

प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०४/२७

**प्रस्तावनाः**

सामुदायिक विद्यालयको पठनपाठनमा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा विद्यालयमा कार्यरत महिला शिक्षक प्रसुति विदामा बसेको समयमा विद्यालयको दैनिक पठनपाठनलाई सुचारु गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिई बालबालिकाको सिकाइलाई व्यवस्थित गर्ने उद्देश्यले देवघाट गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ६३ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ |

**१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "देवघाट गाउँपालिकाको सट्टा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२" हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिदेखि लागू हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. "सट्टा स्वयंसेवक शिक्षक" भन्नाले देवघाट गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका महिला शिक्षक प्रसुति विदामा बस्दा ९८ दिनको लागि नियुक्त भई अध्यापनमा खटिने शिक्षकलाई सम्झनु पर्दछ।

ख. "समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

ग. "ऐन" भन्नाले देवघाट गाउँपालिकाको शिक्षा ऐन, २०७९ लाई सम्झनुपर्छ।

घ. "कार्यपालिका" भन्नाले देवघाट गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

ङ. "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिका सम्झनुपर्छ।

च. "पारिश्रमिक" भन्नाले देवघाट गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयमा कार्यरत सट्टा स्वयंसेवक शिक्षकले पाउने सुविधाको रकम सम्झनुपर्छ।

छ. ‘‘प्रसुति विदाको अवधि’’ भन्नाले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम महिला शिक्षक प्रसुति हुँदा निजले पाउने सुत्केरी विदाको अवधि सम्झनुपर्छ।

ज. ‘‘विद्यालय’’ भन्नाले देवघाट गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

झ. "शिक्षा शाखा प्रमुख" भन्नाले देवघाट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

ञ. ‘‘शिक्षा युवा तथा खेलकुद शाखा’’ भन्नाले देवघाट गाउँपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ।

ट. "स्रोत" भन्नाले सट्टा स्वयंसेवक शिक्षकको पारिश्रमिक व्यवस्थापनको लागि गाउँपालिकाबाट आर्थिक व्यवस्थापन गर्न विनियोजन गरिएको कार्यक्रमलाई सम्झनु पर्दछ।

ठ. "छनौट समिति" भन्नाले प्रसुति शिक्षकको सट्टामा शिक्षण गर्न शिक्षक छनौट गर्ने समितिलाई सम्झनु पर्दछ।

**३. <u>सट्टा स्वयंसेवक शिक्षक छनौट समिति :</u>** यस कार्यविधि बमोजिम सट्टा स्वयंसेवक शिक्षक छनौटको लागि देहाय बमोजिमको समिति गठन गरिनेछ :-

क. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – संयोजक

ख. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले मनोनित गरेको सम्बन्धित विषय विज्ञ – सदस्य

ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले तोकेको शाखाको कर्मचारी - सदस्य

समितिको बैठक आवश्यकता अनुसार वस्नेछ।

**४. <u>छनौट प्रक्रिया :</u>** (१) शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै १५ दिनको म्याद राखी आधारभूत तहको लागि प्रमाणपत्र तह, माध्यमिक

तह (९-१०) को लागी स्नातक तह र माध्यमिक तह (११-१२) को लागि स्नातकोत्तर तह उत्तीर्ण गरेको योग्य नागरिकबाट आवेदनका लागि सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) को सूचना बमोजिम योग्यता पुगेका नागरिकले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

(३) सट्टा स्वयंसेवक शिक्षकको लागि अध्यापन अनुमति पत्र अनिवार्य गरिने छैन।

(४) शिक्षा, युवा तथा खेलकुद शाखाले आवेदकहरुको आवेदन संकलन गरी उक्त आवेदन उपर छानविन गरी स्वीकृत गर्नेछ।

**५. <u>छनौटका आधारहरु :</u>** सट्टा स्वयंसेवक शिक्षक छनौट गर्न निम्नानुसारको मापदण्ड अपनाइनेछ :

क. लिखित परीक्षा : १०० पूर्णाङ्क (वस्तुगत प्रश्न : २५*२ = ५० अंक र विषयगत प्रश्न : १० * ५ =५०)

ख. अन्तर्वार्ता : १५ अंक (५)

ग. न्युनतम शैक्षिक योग्यता - २ अंक (प्रथम २, द्वित्तीय १.५, तृतीय १ )

घ. माथिल्लो शैक्षिक योग्यता - १.५ (प्रथम १.५, द्वित्तीय १, तृतीय ०.५)

ङ. लिखित परीक्षाको पाठयक्रम छनौट समितिले तोकेबमोजिम हुनेछ |

**६. <u>समय अवधि :</u>**

क. सट्टा स्वयंसेवक शिक्षकको कार्यावधि ९८ दिन हुनेछ। तर सो अवधि भित्र हिउदे, वर्षे, दशैं तथा तिहार जस्ता लामो विदा पर्न गएमा उपस्थित भएको दिनको मात्र पारिश्रमिक पाउनेछ।

ख. सट्टा स्वयंसेवक शिक्षकहरुले पारिश्रमिकको अतिरिक्त महिनामा एक दिन भैपरि आउने विदा पाउनेछन्।

**७. <u>सट्टा स्वयंसेवक शिक्षकको स्रोत व्यवस्थापन :</u>** सट्टा स्वयंसेवक शिक्षकको पारिश्रमिक गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिनेछ।

८. **पारिश्रमिक :** सट्टा स्वयंसेवक शिक्षकले देहाय बमोजिमको मासिक रुपमा पारिश्रमिक पाउनेछन्:

क. बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगी – १८,०००/- (अठार हजार रुपैयाँ )

ख. आधारभूत तह (१-५) – २०,०००/- (बिस हजार रुपैयाँ)

ग. आधारभूत तह (६-८) – २२,०००/- ( बाइस हजार रुपैयाँ)

घ. माध्यमिक तह (९-१०) – २५,०००/- (पच्चीस हजार रुपैयाँ)

ङ. माध्यमिक तह (११-१२) – ३०,०००/- (तिस हजार रुपैयाँ)

९. **समितिका सदस्यहरुको बैठक भत्ता**: सट्टा स्वयंसेवक शिक्षक छनौट गर्दाको बखत आवश्यक पर्ने स्टेशनरी, खाना , खाजा, विज्ञ भ्रमण खर्च साथै बैठक भत्ता गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रचलित कानून, ऐन, नियम र कार्यविधि बमोजिम उपलब्ध हुनेछ |

**१०. प्रसुति विदाको लागि निवेदन दिने तथा स्वीकृत गर्ने सम्बन्धमा:**

क. प्रसुति विदा लिन चाहने महिला शिक्षकले प्रसुति हुनु अगावै वा प्रसुति अवस्थामा सम्बन्धित स्वास्थ्य संस्थाको प्रेस्क्रिप्सन वा प्रसुति भएको वा हुने अवस्था खुलेको प्रामाणिक कागज वा सिफारिस सहित सम्बन्धित विद्यालयमा निवेदन दिनुपर्नेछ।

ख. प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति समक्ष पेश गरी बढीमा २ वटा सन्तानको लागि विदा स्वीकृत गर्न सक्नेछ।

**११. सट्टा स्वयंसेवक शिक्षक माग गर्ने:**

क. विदा स्वीकृत गरेको जानकारीका साथमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद शाखामा सट्टा स्वयंसेवक शिक्षक व्यवस्थापनको लागि विद्यालयले माग गर्नुपर्नेछ।

ख. विद्यालयले पेश गरेको आवश्यक कागजात अध्ययन गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले विद्यालयको मागको आधारमा

पालिकाले छनौट गरी राखेका शिक्षकहरुमध्येबाट उक्त विद्यालयको लागि सट्टा स्वयंसेवक शिक्षकको व्यवस्थापन गर्नेछ।

**१२. कार्यविधि संशोधन तथा परिमार्जन सम्बन्धमा:** देवघाट गाउँपालिकाको शिक्षा समितिले यस कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन तथा संशोधनको लागि गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

**१३. अमान्य हुने :** यस कार्यविधि संघीय सरकार र देवघाट गाउँपालिकाको शिक्षा ऐन, २०७९ सँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**अनुसूची-१**
**स्वयंसेवक शिक्षकले दिने आवेदनको ढाँचा**
**दफा ४ (२) सँग सम्बन्धित**

मिति: २०.....। ...... ।.......

श्री शिक्षा अधिकृत ज्यू,
देवघाट गाउँपालिका, तनहुँ।

**विषय: स्वयंसेवक शिक्षकमा सूचीकृत हुन पाउँ।**

उपर्युक्त सम्बन्धमा देवघाट गाउँपालिकाको मिति २०.....। ....।.... को सूचना बमोजिम म स्वयंसेवक शिक्षकको रुपमा गाउँपालिकालेले खटाएको जुनसुकै विद्यालयमा पनि शिक्षण गर्न इच्छुक र तयार भई देहायको विवरण सहित यो निवेदन पेश गरेको छु। मलाई नियमानुसार सट्टा स्वयंसेवक शिक्षकको रुपमा सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछु।

**तपसिल**

सट्टा स्वयंसेवक शिक्षक हुन चाहेको तह: ........................
विषय: ....................................................................
शैक्षिक योग्यता: .............................................

**संलग्न कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रको प्रतिलिपि
ग) सेवा अनुभव तथा अन्य कागजातहरु

निवेदकको:

दस्तखत : ..........................
नामथर : ..........................
ठेगाना : ..........................
संपर्क नं : ..........................
इमेल ठेगाना: .........................

आज्ञाले
कालिका तिमिल्सिना लम्साल
प्रमुख प्रशासकीय अधिकृत